सबैला नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सबैला, धनुषा

प्रदेश नं. २, नेपाल

प.सं. २०७९।०८०
च.नं.

मिति : २०७९।०४।३०

## हाटबजार ठेक्का बन्दोबस्त सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको १५ दिने सूचना

*(प्रथम पटक प्रकाशित मिति २०७९।०४।३१)*

यस सबैला नगरपालिकाको स्वामित्वमा रहेको तपसिलको बजारको बट्टी रकमको निमित्त सिलबन्दी दरभाउपत्रद्वारा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले तपसिल बमोजिमको शर्तको अधिनमा रही मिति २०७९।०५।१६ गते दिनको १२:०० बजे भित्र कवुल अंकको ५% (पाँच प्रतिशत) रकम सबैला नगरपालिकास्थित एनआईसी एसिया बैंकमा रहेको धरौटी खाता नं. ग-३-०३१२०५००३९४५९००६ मा जम्मा गरी सोको सक्कलै बैंक भौचर सहित टिकट वापत रु.१०/- को नोट संलग्न राखी सिलबन्दी दरभाउपत्र यस सबैला नगर कार्यपालिकाको कार्यालय, सबैलामा दर्ता गराउनु होला र सो सिलबन्दी दरभाउपत्रहरु सोहि दिन अर्थात मिति २०७९।०५।१६ गते दिनको २:०० बजे खोलिने छ। दरभाउपत्र खोलिने बखत दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित रहनुपर्नेछ। उपस्थित नरहेमा पनि दरभाउपत्र खोलिने कार्य रोकिने छैन् र पछि कसैको उजूरी नलाग्ने व्यहोरा समेत सर्वसाधारणका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

### तपसिल

१. यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्द्र) दिन २०७९।०५।१५ गते भित्र रु.१,०००/- (एक हजार) नगद तिरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयवाट दरभाउपत्र फारम खरिद गर्न सकिने छ। दरभाउपत्र फारम खरिद गर्दा नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलीपी वा सक्कलै अनिवार्य रुपले दिनु पर्नेछ।
२. ठेक्का अवधि ठेक्का करारनामा गरी चलन पूर्जी लिएको मितिले लगभग वर्ष १ (एक) को हुनेछ।
३. तल उल्लेखित बजारको निम्न बमोजिमको न्यूनतम मोलमा नघटाई दरभाउपत्र भर्नुपर्नेछ। नगरपालिकाको कवोल अंक भन्दा घटी भएमा दरभाउपत्र अस्वीकृत हुनेछ।

| आय ठेक्का नं. | बजारको नाम | बजार रहेको स्थान | १ (एक) वर्षको न्यूनतम मोल | ठेक्काको किसिम |
|---|---|---|---|---|
| १/०७९।०८० | सबैला गुदरी हाटबजार | सबैला-३, सबैला | १७,००,०००/- | बजार ठेक्का |
| २/०७९।०८० | सबैला बाखा हाटबजार | सबैला-३, सबैला | ११,०५,०००/- | बजार ठेक्का |
| ३/०७९।०८० | भठिहन गुदरी हाटबजार | सबैला-९, सबैला | ११,५०,०००/- | बजार ठेक्का |
| ४/०७९।०८० | सतोषर मवेशी तथा गुदरी हाटबजार | सबैला-९, सबैला | २,५५,०००/- | बजार ठेक्का |
| ५/०७९।०८० | खरिहानी गुदरी हाटबजार | सबैला-१०, सबैला | १०,०५,०००/- | बजार ठेक्का |

४. सबैला नगर कार्यपालिकाको कार्यालयवाट प्रमाणित र छाप नलागेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन्।
५. दरभाउपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ।
६. न.पा.को रकम कलम बाँकी रहेका व्यक्ति वा ठेकेदार तथा फर्महरुले न.पा.को रकम कलम चुक्ता नगरेसम्म निजलाई दरभाउपत्र फारम दिईने छैन्।
७. सबैला नगरपालिकाबाट प्राप्त निर्देशनलाई सम्वन्धित ठेकेदारले पूर्णरुपले पालन गर्नु पर्नेछ।
८. नेपाल सरकारलाई तिर्नुपर्ने कर ठेकेदार स्वयंले नै तिर्नुपर्नेछ।

सन्तोष कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

*सम्पर्क: नगर प्रमुख ९८५४०२४२८१, उपप्रमुख ९८४४२५०२४ प्रमुख प्रशासकीय अधिकृत ९८५४०६२१११*
*email: sabailamun@gmail.com, web: www.sabailamun.gov.np*

Scanned By Camera Scanner

९. तारिक मुकररका दिन अकस्मात विदा परेमा त्यसको भोलिपल्ट दरभाउपत्र खालिने छ।
१०. धरौटी वापत जम्मा गरेको रकम अन्तिम किस्तामा मिन्हा दिइनेछ।
११. बट्टी रकम यस कार्यालयबाट तोकिएको दररेटमा लिनुपर्नेछ। साथै सोको रसिद दिनुपर्नेछ।
१२. बजार क्षेत्रभित्र विक्री गर्ने माछा, मासु, अण्डा आदिबाट निस्केको आन्द्रा, भुडी, रौं आदि फोहर बस्तुहरु ठेकेदारले बाहिर फ्याक्नु पर्नेछ र सो काम नगरे सोबाट कुनै किसिमको महामारी अथवा रोग लागेमा ठेकेदार स्वंय जिम्मेवार हुनेछ।
१३. नगरपालिकाले कुनै पनि अवस्थामा ठेक्का रकम मिन्हा र म्याद थप गर्ने छैन्।
१४. किस्ताको हकमा छौमासिक किस्ता हुनेछ। ठेक्का अवधि भित्र प्रत्येक वर्ष पहिलो किस्ता भदौ महिना र दोश्रो किस्ता फाल्गुन महिना भित्र बुझाउनु पर्नेछ। नबुझाएको खण्डमा ठेक्का बदर गरी अर्को व्यवस्था भै जानेछ।
१५. ठेक्का लिने व्यक्तिले चलन पूर्जी उठाउने अगावै ठेक्का लिएको रकम बराबरको रकम र ठेक्का मान्य अवधिसम्मको बैंक ग्यारेन्टी वा परफरमेन्स बण्ड वा धनजमानी राख्नु पर्नेछ।
१६. ठेक्का सदर भएको ७ (सात) दिन भित्र छौमासिक किस्ता बुझाई सकेपछि चलन पूर्जी दिईनेछ। सो म्याद भित्र चलन पूर्जी पट्टा नउठाएमा स्वत: ठेक्का बदर हुनेछ र सो वापत राखेको धरौटी जफत हुनेछ।
१७. म्याद नाघी र रित नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कार्वाही गरिने छैन्।
१८. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ।
१९. यस सुचनामा उल्लेखित नभएका शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन नियम बमोजिम हुनेछ।
२०. यस सम्बन्धी अन्य कुरा जानकारी लिनुपर्ने भएमा यस नगर कार्यपालिकाको कार्यालय, सबैला, धनुषामा कार्यालय समय भित्र सम्पर्क राख्नु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

सन्तोष कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत